## बकैया गाउँकार्यपालिकाको मिति २०८०।३।०१ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. नीति तथा कार्यक्रम सम्वन्धी सरोकारवालाहरुसँगको अन्तर्क्रिया कार्यक्रम सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम तथा बजेट सम्बन्धमा राय, सल्लाह तथा सुझावको लागि बकैया गाउँपालिकास्थित सरोकारवाला व्यक्तिहरु तथा संघ संस्थाहरुसँग मिति २०८० अषाढ ५ गते ११:०० बजे गाउँपालिकाको सभाहलमा भौतिक रुपमा सहभागिहुने गरी तथा बकैया गाउँपालिकाबाट रोजगारी तथा व्यापार व्यवसायको शिलसिलामा देश वाहिर रहनु भएको युवा तथा बौद्धिक वर्ग तथा समुदायको हकमा भर्चुअल माध्यमबाट सहभागि हुने गरी अन्तक्रिया कार्यशाला आयोजना गर्ने निर्णय गरियो ।

२. सार्वजिनिक बाटो कायम गर्ने सम्वन्धी निवेदन सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा न. ३५ निवासी श्री राम प्रसाद लामिछानेको छोरी श्री विवेक पराजुलीको श्रीमति श्री कमला लामिछाने (पराजुली) को साविक हटिय गा.वि.स. वडा नं. ८ हाल बकैया गाउँपालिका वडा नं.४ जुरेलीमा रहेको कित्ता नं. ७९१५ को क्षेत्रफल ०-१३-१३.२५-० जगाको सार्वजनिक बाटो कायमको लागि सिफारिस माग भई आएको सन्दर्भमा प्राविधिक प्रतिवेदन समेतको आधारमा अध्यायन गर्दा पालिकाको आर्थिक ऐन, २०७९ बमोजिम प्रतिकठ्ठा रु.२०,०००।– का दरले रु. २,७३,२५०।– राजश्व लिई सिफारिस दिने निर्णय गरियो ।

३. सार्वजनिक सुनुवाई सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को बार्षिक बजेट तथा कार्यक्रमको प्रगति लगायत सार्वजनिक सरोकारको विषयमा जानकारी गराउने उद्देश्यले मिति २०८० अषाढ ७ गते विहान ११ वजे देखि हातिसुडे स्वास्थ्य चौकिको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने तथा उक्त कार्यक्रमलाई राष्ट्रिय टेलिभिजनमा प्रत्यक्ष प्रशारण गर्न कान्छा मिडिया प्रा.लि.मार्फत गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

४. **नदिजन्य पदार्थको ठेक्काको वापत दाखिला हुन वाकी रहेको राजश्व रकम सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस पालिकाको यस आर्थिक वर्ष २०७९।८० मा विभिन्न समयमा विभिन्न खोलाहरुबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को उत्खनन् तथा विक्रि वितरणको ठेक्का सम्झौता बमोजिम जेष्ठ मसान्त सम्म पालिकामा जम्मा हुनु पर्ने राजश्व दाखिला नभएको सन्दर्भमा सम्वन्धित फर्महरुको बैक ग्यारेन्टी जफत गरी पालिकाको खातामा राजश्व दाखिला गर्ने गरी सम्वन्धित बैकहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

५. **विविध योजनाको रकम भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा तपसिलका योजनाहरु गाउँपालिका विविध र विविध पूर्वाधार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

- हिरामुनी मगरटोल मर्मत बकैया ७- रु. २२,६००/-
- CAN,मकवानपुर (कृषिमा डिजिटलाईजेसन सम्वन्धी सेमिनार)- रु. २५००० /-
- तल्लो भिरकोट विद्युत विस्तार, बकैया ७ रु. ३१०००/- (विंद्युत विस्तार शिर्षकबाट भुक्तानी)
- सक्रिय कृषि सहकारी संस्था लिमिटेड बकैया ९ लाई जेनेरेटर खरिदको लागि विनियोजन गरेको अनुदान रकम अपुग रु ४३१०००।–बजेट ( विद्युत विस्तार शिर्षक)
- कुडुल्लेफाँटको खेतियोग्य जमिनलाई वचाउन खोल्सी पानी निकास गर्न मुरली नेपाल रु १२००० (विविध पुर्वाधारबाट भुक्तानी )

पीराज लामिछाने
अध्यक्ष